**लालझाडी गाउँपालिका**
# गाउँकार्यपालिकाको कार्यालय
**शंकरपुर, कंचनपुर**
सुदूरपश्चिम प्रदेश

प.सं. २०७६/०७७
च.नं.

मिति : २०७६/०४/१७

**आ.व. २०७६/०७७ का लागि ग्रेभल,बालुवा, माटो, लगायतको कर तथाशुल्क संकलनको ठेक्का सम्बन्धी दरभावपत्रआव्हानको सूचना**

**प्रथम पटक प्रकाशितमिति२०७६/०४/१७**

यस गाउँपालिकाबाट आ.व. २०७६/०७७ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ को दफा ११ उपदफा २ (घ६) अनुसार यस गाउँपालिका क्षेत्र भित्र भएर बग्ने IEE गरेको र नदी खोलाबाट संकलन भई आन्तरिक खपत वा अन्य स्थानमा निकासी पैठारीका लागि ग्रेभल,बालुवा, लिई गुड्ने सवारी साधनसँग प्रति घन मिटर रु. ७५ र माटो प्रति घन मिटर रु. ३० भ्याट बाहेकका दरले गाउँपालिकाबाट तोकिएका शर्तहरुकाअधिनमा रही कर दस्तुर रकम संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी शिलबन्दी दरभावपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै दरभावप त्रखरिद गर्दा सूचनाका शर्तहरुको विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी वेभसाइट www.laljhadimun.gov.np तथा कार्यालय समय भित्र राजस्व शाखा र फोन नं. ९८४८७९४४७६ बाट जानकारी प्राप्तगर्न सकिने छ ।

| ठेक्का नं. | नदी र खोलाको विवरण | न्यूनतम ठेक्काअंक रु.मा ( भ्याट बाहेक) | दरभावपत्रफाराम दस्तुर रु. | सूचनाको अवधि |
|---|---|---|---|---|
| ०२ | दोदा नदी | १५,००,०००। | १,०००।(फिर्ता नहुने) | १५ दिन |

**शर्तहरु:-**

१. दरभावपत्रखरिद गर्न इच्छुक दरभावपत्रदाताले मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७६/०७७ सम्मको फर्म नवीकरण आ.व. २०७५/०७६ को आयकर चुक्ता प्रमाण पत्र पेश गरी सूचनाप्रकाशितभएको मितिले १५औं दिनसम्मकार्यालय समय भित्र यसै कार्यालयबाट खरिद गरी १६औं दिनको १२:०० बजे सम्म शिलबन्दी दरभावपत्रदाखिलागरिसक्नु पर्नेछ र रीत पुऱ्याई प्राप्तहुनआएका दरभावपत्र १६औं दिनको २:०० बजे बोलपत्रदातावानिजको प्रतिनिधिहरु र गाउँपालिकाप्रतिनिधिहरुका रोहवरमाखोलिनेछ । बोलपत्रदाताहरु वानिजको प्रतिनिधिउपस्थितनभएमापनि दरभाउपत्रखोल्न बाधा पर्ने छैन । दरभावपत्रफारामखरिद एवम् दाखिलागर्न अन्तिमदिनबिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमश:अन्तिमदिनमानिनेछ ।

२. दरभावपत्रफारम साथ धरौटी वापतकबोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानत रकम यस कार्यालयको नेपाल बंगलादेश बैंक चान्देव शाखामा रहेको खातानम्बर ०७७०००००८४१ धरौटी खातामा रकमजम्मा गरेको सक्कलभौचर वा सूचनाजारी भएको मितिले कम्तिमा ९० दिन म्याद भएको यस कार्यालयको नाममाजारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त 'क'वर्गको बाणिज्य बैंकको ग्यारेन्टी (विड वन्ड) पेश गर्नुपर्ने छ ।

३. नेपाल सरकारको प्रचलितकानूनबमोजिमलाग्ने आयकर मूल्यअभिवृद्धि कर तथाशुल्कहरु प्रस्तावक स्वयंले तिर्नुपर्नेछ । कार्यालयमाबुझाउनुपर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछि मात्र धरौटी रकमफिर्ता हुनेछ ।

४. दरभावपत्र स्वीकृत भई सम्झौताभएपश्चातकुनैपनिकिसिमको छुट मिनाहावामाफीदिइने छैन ।

५. कबोल अंकलाई तिन किस्ताकायमगरिनेछ । पहिलो किस्ताबापतकुलकबोलअंकको ५०% हुनआउने रकम सम्झौताको सममयमाबुझाउनुपर्ने छ र बाँकी २५% रकम पौष मसान्तभित्र र २५% जेठ मसान्त सम्म बुझाउनु पर्नेछ । कुलकबोलअंकको एक मुष्ट रकम सम्झौताको समयमा नै अग्रिमबुझाएमाऔचित्य हेरी कबोल अंकको १०% सम्म छुट दिन सकिने छ ।

६. बोलपत्रदाताबाट दरभावपत्रमामूल्यअभिवृद्धि कर बाहेकको रकमउल्लेख गर्नुपर्ने छ । दररेट अंक र अक्षरमाअनिवार्य रुपमाउल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमाअक्षरलाई मान्यतादिइनेछ । केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ।

७. यस गाउँपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको फारमलाई मान्यतादिइने छैन ।

८. म्याद नाघी वा रित नपुगीप्राप्तभएको दरभावपत्रउपर कुनै कारवाहीहुने छैन ।

९. यस सूचनामाउल्लेखित कुरा यसै सूचनाअनुसार र नभएको कुराको हकमाप्रचलितकानुनबमोजिमहुनेछ ।

१०. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी दरभावपत्र स्वीकृत गर्ने वानगर्ने वाआंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. आ.व. २०७६/०७७ को लागि कर संकलनमिति सम्झौता गरेको मितिले २०७७ जेष्ठ मसान्त सम्महुनेछ। ( तोकिएको क्षेत्रमा)

**शेर बहादुर बुढा**
**प्रमुख प्रशासकीय अधिकृत**